**नेपाल, ३ नं. प्रदेश, भक्तपुर, चाँगुनारायण नगरपालिका**

चाँगुनारायण नगरपालिकाको स्थानीय राजपत्र

खण्ड : २ संख्या : १७ मिति : २०७५/११/०५

**भाग-१**

कार्यपालिकाबाट पारित मिति : २०७५/१०/२९

# चाँगुनारायण नगरपालिकाको विनियोजन ऐन २०७५ लाई संशोधन गर्न बनेको ऐन २०७५

**प्रस्तावना :** चाँगुनारायण नगरपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम चाँगुनारायण नगरपालिकाको चौथो नगर सभाले विनियोजन ऐन २०७५ को संशोधन प्रस्ताव पेश गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः (१)** यस ऐनको नाम “चाँगुनारायण नगरपालिकाको विनियोजन ऐन, २०७५ को संशोधन २०७५” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ र यो ऐनको संशोधन चौथो नगरसभाबाट स्विकृत हुनासाथ लागु हुनेछ ।

२. **आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चितकोष बाट रकम खर्च गर्ने अधिकारः** (१)आर्थिक वर्ष २०७५।०७६ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषय

गत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगतखर्च र बित्तियव्यवस्थाको रकम समेत गरी जम्मा रकम रु १,११,१९,०७,४२८(अक्षेरुपी एक अर्ब एघार करोड उन्नाइस लाख सात हजार चार सय अठ्ठाइस रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०७५।०७६ को निमित्त चाँगुनारायण नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगतखर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानीखर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमाबाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

# अनुसूचि-१
## (दफा २ संग सम्बन्धित)
## नेपालको संविधानको धारा २२९ (२) बमोजिम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तिय व्यवस्था | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | |
| १ | | नगर कार्यपालिका | २०९१८३००० | ४९१९०६४२८ | | | |
| २ | | वडा समिति | ५३७३००० | | | | अनुसूचि २ बमोजिम हुने |
| ३ | | विषयगत शाखा | ३५५४४५००० | | | | सशर्त अनुदान रकमानै कार्यक्रम तोकिए अनुसार खर्च हुने |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | | | | | |
| ५ | | लगानी ( शेयर/ऋण) | | | | | |
| ६ | | विशेष अनुदान | | ५०००००० | | | प्रदेश सरकार बाट प्राप्त |

संञ्चित कोषबाट विनियोजन हुने रकम रु. हजारमा

**आज्ञाले**
**चिरञ्जिवी तिम्सिना**
**प्रमुख प्रशासकीय अधिकृत**